जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ९ २०८२ साल साउन १२ गते सोमबार (28 July 2025 Monday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : भूमिमा सामूहिक स्वामित्वको... ३ पृष्ठमा : खडेरीको मारमा परेका ... ३ पृष्ठमा भारतको हरिद्वारास्थित एक ...

# पानीको समस्या समाधान गर्न प्रजिअद्वारा स्थलगत निरिक्षणका साथै निर्देशन




दैनिक समाचारदाता
राजविराज, ११ साउन ।

सप्तरी जिल्लामा सिंचाइ, विद्युत र मलको चरम अभाव भोलिरहेका किसानहरूको समस्यालाई लिएर विभिन्न राजनीतिक दल र संघसंस्थाहरूले संयुक्त रुपमा प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण पत्र बुझाएका छन् ।

ध्यानाकर्षण पत्र बुझ्दै प्रजिअ भोला दाहालले समस्या समाधानका लागि तत्काल पहल गर्ने प्रतिबद्धता जनाउँदै आइतबार स्थलगत निरिक्षण गरेका छन् ।

जिल्लाको कोशी पम्प नहर प्रणालीमा देखिएको समस्या समाधानको माग गर्दै गरिएको ध्यानाकर्षणपछि प्रजिअ दाहालकै नेतृत्वमा तत्काल एक प्राविधिक टोलीलाई लिएर स्थलगत निरिक्षण गरेका हुन् । टोलीमा कोशी पम्प नहर कार्यालयका इन्जिनियर गौरव कर्ण, इन्जिनियर शम्भुप्रसाद मण्डलसहित अन्य सिँचाइ तथा विद्युत् क्षेत्रका विज्ञहरूको सहभागिता रहेको थियो ।

निरिक्षण कै क्रममा कोशी पम्प नहर क्षेत्रअन्तर्गतका सबै उपभोक्ता समिति अध्यक्षहरूलाई साउन १२ गते कोशी पम्प कार्यालयमा बोलाई आपसी समन्वयमा पानी वितरण गर्न तथा सिँचाइ वितरण थप प्रभावकारी र सन्तुलित बनाउनका लागि आवश्यक रणनीति बनाउने निर्णय समेत गरिएको छ ।

प्रजिअ दाहालले प्राविधिक टोलीलाई डिपिआर तयार गर्न निर्देशन दिँदै आवश्यक बजेट र नीतिगत समर्थनका लागि माथिल्लो निकायमा पहल गरिने बताए ।

सिँचाइ, कृषि र विद्युत निकायका प्रतिनिधिहरूको संयुक्त टोलीले स्थल निरीक्षण गरी समस्याको स्थायी समाधानतर्फ आवश्यक कदम चाल्ने प्रतिबद्धता जनाएको छ । किसानहरूका श्रम, लगानी र भविष्य खेर जान नदिन सक्दो चाँडो सबै पक्षबाट सहकार्य गरिने जानकारी दिइएको छ ।

प्रजिअ दाहालले जिल्लामा रहेका तीनवटै पम्प फर्म तुरुन्त सञ्चालनमा ल्याउन, कम भोल्टेजका कारण बिग्रिएको मोटरपम्प सञ्चालनका लागि विद्युत् प्राधिकरण प्रमुखलाई तत्काल उच्च भोल्टेज आपूर्ति सुनिश्चित गर्न निर्देशन समेत दिए । उनले नहरको हेड रेगुलेटर स्थानबाट अनावश्यक रुपमा पानी खोलिएको पाइएकाले २४ घण्टे निगरानी र नियन्त्रण सुनिश्चित गर्न प्राविधिकलाई कडाइका साथ निर्देशन दिएका छन् ।

मधेश प्रदेशको कृषिमा देखिएको सरकारी बेवास्ता र कमजोर पूर्वाधार व्यवस्थापनका कारण किसानहरू दिनानुदिन समस्यामा परिरहेका छन् । मधेशलाई अन्नको भण्डार मानिन्छ, जहाँ ७० प्रतिशतभन्दा बढी जनसंख्या कृषि पेशामा निर्भर छ । तर, सिँचाइ, मल, बीउ र विद्युत जस्ता अत्यावश्यक पूर्वाधारको अभावले गर्दा कृषकहरू ठूलो मारमा परेका छन् ।

# कृषि विश्वविद्यालयमा तालाबन्दी

दैनिक समाचारदाता
राजविराज, ११ साउन ।

राजविराजस्थित मधेस कृषि विश्वविद्यालयको शैक्षिक भवनमा आइतबार विद्यार्थीहरुले विभिन्न माग राख्दै तालाबन्दी गरिएको छ ।

शैक्षिक अवस्थामा सुधार तथा आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन लगायत विभिन्न माग अघि सार्दै विश्वविद्यालयमा अध्ययनरत विद्यालयहरुले नै तालाबन्दी गरेका हुन् ।

कक्षाकोठा शैक्षिक वातावरण मैत्री हुनुपर्ने, विद्यार्थी अनुपातमा




बेन्चडेस्कको व्यवस्थापन हुनुपर्ने, पूर्वनिर्धारित भन्दा बढी शुल्क लिनु बन्द गर्नुपर्ने, विद्यार्थीबाट बढी असुल गरिएको रकम फिर्ता गर्नुपर्ने, शुल्कको नगदी रसिद

बाँकी तीन पृष्ठमा

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

# स्व. सिंहको योगदान बारे चर्चा गर्दै सम्झना



दैनिक समाचारदाता
राजविराज, ११ साउन ।

समाजसेवी एवं शान्तिकामी स्व. डा. नागेश्वर प्रसाद सिंहको १५औं स्मृति दिवसको अवसरमा पारेर आइतबार राजविराजमा एक कार्यक्रमको आयोजना गरिएको छ ।

नेपाल विश्व शान्ति समिति केन्द्रिय कार्यालयद्वारा आयोजित कार्यक्रममा स्व. सिंहको योगदान बारे चर्चा गर्दै सम्झना गरिएको हो ।

सो अवसरमा स्व. सिंहको तस्विरमा माल्यार्पण गर्दै सहभागि वक्ताहरुले जुझारु, निष्ठावान र बहुमुखी प्रतिभाका धनी स्व. सिंहको निधनले जिल्लालाई मात्र नभई मुलुकलाई नै अपूर्णिय क्षति पुगेको बताए ।

आयोजक समितिका महासचिव मधुबहादुर बिसिको अध्यक्षतामा आयोजित कार्यक्रममा वरिष्ठ कानुन व्यवसायी हिम्मत सिंह, मदनमोहन चौधरी, शिक्षाविद् डा. चिरन्जिविलाल देव, राजिव कुमार

बाँकी तीन पृष्ठमा

मानव बेचबिखन अपराध हो ।

❖ मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
❖ मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
❖ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
❖ प्रचलित कानून बिपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
❖ वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।

त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मधेशमा पानीको अभाव

मधेश प्रदेशको भूगोल र जनसंख्या संरचना हेर्दा पानी संकट वर्षेनी गहिरिँदो छ । गर्मी याम सुरु भएपछि भूमिगत पानीको सतह तल झर्ने, नदी-नाला सुकेर पानी नपाइने र खानेपानी वितरण प्रणाली जीर्ण हुनु मधेशका अधिकांश जिल्लाको साझा समस्या बनेको छ । यसले खेतीपाती, जनस्वास्थ्य र दैनिक जीवन सबैमा प्रत्यक्ष असर पारेको छ । अहिले सबै भन्दा बढी पानीको अभाव कृषि क्षेत्रमा परेको छ । रोपाईको बेला वर्षा नहुँदा र सिंचाईको उचित व्यवस्था समेत नहुँदा पानीको चरम अभाव देखिएको छ । पानी अभावको मूल कारण प्राकृतिक मात्र होइन, व्यवस्थापकीय कमजोरी पनि हो ।

पर्याप्त वर्षा हुँदा समेत वर्षाको पानी संकलन र भण्डारण नगर्ने, सिंचाइ नहर समयमै मर्मत नगर्ने र खानेपानी योजनामा दीर्घकालीन योजना नबनाउने नीति निर्माणकर्ताको कमजोरी हो । मधेशमा भूमिगत पानीको अत्यधिक दोहनले इनार र पम्पहरूबाट समेत पानी पाउन गाह्रो भएको तथ्यांकले देखाउँछ । यसले कृषिमा निर्भर किसानलाई ठूलो मार परेका छन् । धान, गहुँजस्ता मुख्य बालीहरू समयमै पानी नपाउँदा उत्पादन घट्ने र खाद्य संकट सिर्जना हुने खतरा छ ।

तत्कालका लागि गहिरो ट्यूबवेल, पानी ट्यांकर वितरण र आपतकालीन राहत प्रयोग गर्न सकिन्छ । तर दीर्घकालीन दृष्टिमा वर्षा पानी संकलन, सिँचाइ नहर सुधार, भूजल पुनर्भरण संरचना निर्माण र आधुनिक प्रविधि प्रयोग गरेर पानी व्यवस्थापन गर्नु अपरिहार्य छ । साथै, स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीच समन्वय गरी नीति कार्यान्वयनमा जोड दिनु अतिआवश्यक रहेको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# भूमिमा सामूहिक स्वामित्वको सम्भावना

**अमलकिरण ढकाल**

काठमाडौँ, ११ साउन (रासस) ।

नेपालको संविधानले मुलुकको अर्थव्यवस्था समाजवादतर्फ लैजाने प्रतिबद्धता व्यक्त गरेको छ । कुन किसिमको समाजवादी अर्थव्यवस्था बनाउने हो भन्ने खाका अझै स्पष्ट भइनसके तापनि समाजवादको आधार तयार गर्ने भन्नेसम्म सबै प्रमुख राजनीतिक दलहरूको विमति देखिन्न । हाल विश्वमा प्रचलित विभिन्न स्वरूपका समाजवादी अर्थव्यवस्थामध्ये प्रमुख रूपमा राज्यनियन्त्रित समाजवादी ढाँचा, बजारमा आधारित चिनियाँ समाजवादी ढाँचा, लोकतान्त्रिक नर्डिक मुलुकहरु (नर्वे, डेनमार्क, स्वीडेन, फिनलैण्ड, आइसलैण्ड) समाजवादी ढाँचा, उदारवादी समाजवादी ढाँचा, सामुदायिक समाजवादी ढाँचा र मिश्रित समाजवादी ढाँचामध्ये कुन मोडेलमा जाने हो स्पष्ट हुन आवश्यक छ ।

समाजवादको गन्तव्य तय भइसकेको हालको स्थितिमा समाजवादको मूलमर्म भनेको उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व र उपभोगमा सबैको पहुँच हुनु हो भन्ने बुझ्नु आवश्यक छ । त्यसमा पनि प्रकृति प्रदत्त जल, जमिन, वायु, प्रकाश र आकाशजस्ता सार्वजनिक वस्तुहरू सबैको पहुँचमा हुनुपर्दछ भन्ने मान्यता पनि छ । त्यसो हुँदा राष्ट्रभित्रको सम्पूर्ण भूभाग पूर्णतः राज्यको अधिनमा हुनुपर्ने अवस्था रहन्छ । तर मानव समाजमा व्यक्तिगत सम्पत्ति कायम भएदेखि नै भूमिको स्वामित्व व्यक्तिको अधिनस्थ बनाइएकाले सबै भूमि निःशर्त राज्यको सार्वजनिक सम्पत्ति भन्नसक्ने अवस्था रहेको देखिन्न । यस स्थितिमा भूमि प्रकृतिप्रदत्त सार्वजनिक स्रोत हुँदाहुँदै पनि समाजवादी प्रयोजनले राष्ट्रियकरण वा सामूहिकीकरण गर्ने कुरा जटिल बहसको विषय बन्न गएको छ ।

अर्थशास्त्रीय हिसाबलेभन्दा जग्गा जमिन उत्पादनको प्रमुख साधन एवं पुँजीको स्रोत र अचल सम्पत्ति पनि हो । भूमि माग र आपूर्तिका आधारमा घटाउन बढाउन नसकिने स्थिर वस्तु पनि हो । मानव समाजको इतिहासमा वस्तु विनिमय हुँदा वस्तुको उपयोगिता, दुर्लभता, उर्बरता, निश्चितता, स्थिरता आदि गुणहरूका कारण मूल्यको सिर्जना गरिए झैँ भूमिको पनि अन्तर्निहित मूल्य कायम हुँदै आएको हो । यसरी व्यक्तिगत सम्पत्ति कायम भएको भूमि व्यक्तिको सम्पत्ति मात्र नभई मानव सभ्यता, धर्म, संस्कृति, समृद्धि र समाजको जीवन आधारसँगसमेत जोडिएकाले बढी संवेदनशील विषय बनेको हो ।

भूमिमाथिको आधिपत्यको सभ्यता खोज्दै जाँदा मानिसको घुमन्ते सिकारी जीवनबाट निश्चित स्थानमा बसोबास गर्ने अवस्थासम्म जानुपर्ने हुन्छ । त्यसबखतमा मानिसको कुनै स्थान विशेषमा स्थायी बसोबास रहे पनि कृषि कार्य सुरू नगरेसम्म भूमि अधिकारको खासै महत्व रहेको देखिँदैन । विश्वमा सर्वप्रथम मेसोपोटामियाबाट सुरू भएको आदिम कृषि कार्यले भूमि उत्पादनको साधनका रूपमा मान्य भयो । यसरी भूमिको उत्पादनशील उपयोग भएसँगै प्राचीन रोम, युनान र मिश्र एवं मध्ययुगीन बेलायत, यूरोपका शक्तिशाली शासक तथा धर्मगुरूहरूले समुदायमा रहेको जमिनको ठूलो हिस्सामा आफ्नो अधिकार जमाई दास किसानलाई केबल कामदारका रूपमा उत्पादन गर्न लगाउन थाले ।

उत्पादन बढेसँगै युरोपबाट सुरू भएको औद्योगीकरण तथा उपनिवेशवादको विस्तारले विभिन्न मुलुकमा आदिवासी समुदायले उपभोग गरिरहेको जमिन शासकहरूले आफ्नो अधीनमा ल्याउन थाले । अमेरिकाले सन् १८६२ मा जारी गरेको होमस्टेड ऐन कानुनले जमिनमाथिको आदिवासीहरूको सामुदायिक अधिकार खारेज गरी पुँजीको विकासका लागि १६० एकडसम्म (करिब ९५ बिघा) जमिन व्यक्ति विशेषलाई उपलब्ध गराउने व्यवस्था गर्‍यो । यसरी व्यक्तिगत सम्पत्तिका पक्षधरहरूको प्रभुत्व बढ्दै गएपछि विश्वभरि नै सार्वजनिक भूमि निजीकरण गरी त्यस्तो सम्पत्ति संविधानबाटै अनतिक्रमित बनाउँदै लगियो । यसरी जग्गाको स्वामित्व स्वाभाविक रूपमा व्यक्तिमा स्थापित हुँदै आएको नभई राज्यसत्ता र शक्तिमा हुनेले हत्याएको तथ्य स्वतः पुष्टि हुन्छ ।

नेपालका सन्दर्भमा हेर्दा वैदिककालमा सबै जग्गा राज्यको अधीनमा रहेको पाइन्छ । व्यक्तिगत स्वामित्वको महत्व बढ्दै गएपछि भने सरकारी, सार्वजनिक जमिनमा राज्यसत्ताका शासकहरूले व्यक्तिगत अधिकार जमाउँदै गएको र विर्ता, गुठी, किपट, जागिर, रकम, खान्गी आदि नाममा आफ्ना नजिकका मान्छेहरूलाई उपलब्ध गराएको देखिन्छ । आफ्नो शासनअन्तर्गत रहेका रैतीहरूबाट कर उठाउने प्रयोजनका लागि रैकरमा परिणत गरी व्यक्ति विशेषको निजी बनाउँदै लगिएको देखिन्छ । नेपालमा त्यस बखत जग्गाको नापजाँच फरक फरक इलाका अनुसार हलो, पाटे, कुटो, कोदालो, माटो मुरी, बिजन माना पाथी आदि इकाइमा राख्ने गरिएकाले जग्गाको प्रयोजन राज्यकोषका लागि कुत तिरो लिनेमा नै बढी केन्द्रित भएको पाइन्छ ।

नेपालको संविधान, २०७२ ले पनि भूमिमाथिको सम्पत्तिको हक सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई चल, अचल सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक स्थापित गरेको छ । त्यस्तो व्यक्तिगत सम्पत्ति (जग्गा जमिन) सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने भए राज्यले सम्बन्धित व्यक्तिलाई मुआब्जा दिएर मात्र अधिग्रहण गर्न सकिने व्यवस्था गरिएको छ । संविधानको धारा २५ मा उल्लेखित उक्त व्यवस्था रहेसम्म भूमिमाथिको व्यक्ति विशेषको स्वामित्व परिवर्तन गर्नसक्ने अवस्था नदेखिए तापनि समाजवादको पूर्वाधार तयार गर्ने क्रममा उपधारा (४) बमोजिम राज्यले नीति, नियम र योजना बनाई समुदायस्तरबाट भूमिको वैज्ञानिक व्यवस्थापनको कार्य अघि बढाउन सक्ने देखिन्छ ।

समाजवादी दृष्टिले हेर्दा नेपालको कूल जमिनमध्ये वन, बुट्यान, हिमाल, पहाड र नदीनालाले ढाकेको करिब ७४ प्रतिशत सरकारी, सार्वजनिक जमिनमा मात्र सरकारले सहज व्यवस्थापन गर्नसक्ने र बाँकी २६ प्रतिशत आवादी तथा संरचना रहेको जमिनको स्वामित्व परिवर्तन गर्न जटिल देखिन्छ । साथै, उल्लेखित आवादी र संरचनाले ढाकेको जमिनमध्ये पनि जग्गाधनी दर्ता प्रमाणपूर्जा (लालपुर्जा) भएको सरकारी, सार्वजनिक र व्यक्तिगत स्वामित्वमा कुन किसिमको कति प्रतिशत जग्गा कायम छ भन्ने यकिन राष्ट्रिय तथ्याङ्कसमेत राज्यबाट प्रवाहित भएको देखिन्न ।

तत्कालीन अवस्थामा जग्गाको अभिलेख राख्ने हालको मालपोत, नापी कार्यालयहरू मोठ अड्डा, लाल अड्डा, तहसिल अड्डा, माल अड्डा आदि नाममा रहेका भए तापनि २०२१ सालमा जग्गाको आधुनिक नापजाँच सुरू नभएसम्म यकीन क्षेत्रफल भन्नसक्ने स्थिति देखिन्न । त्यसपछि मात्र पहाडमा रोपनी र तराईमा बिघाको इकाइमा राखिएको क्षेत्रफल मिटर, हेक्टर तथा एकडमा समेत भन्न सकिने अवस्था बनेको छ ।

सरकारले हालै जारी गरेको भू-उपयोग नीतिमा जग्गाको साविक वर्गीकरण अबल, दोयम, सीम, चाहार खेत र पाखो भन्ने सट्टा प्रयोजन अनुसार कृषि, आवास, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी खोला ताल सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्व र अन्यगरी १० वटा क्षेत्रमा गरिएको वर्गीकरणबाट भू-व्यवस्थामा केही सहजता आउनसक्ने देखिन्छ । तथापि, आधुनिक जग्गा नापजाँच सुरू भएको ६० वर्षभन्दा बढी अवधि भैसक्दा पनि स्वामित्वको प्रकारअनुसार अद्यावधिक अभिलेख नहुँदा विभिन्न सवालहरू आइरहेको देखिन्छ । साथै, जग्गा जमिनलाई समृद्धिको मूल आधार मानिदा घर, समाज र राष्ट्रमा अत्यधिक विवाद, मुद्दामामिला, झैझमेला, सत्ता र शक्तिको दुरूपयोग स्वामित्वका कारणले उत्पन्न भएको देखिन्छ । यसैमा राष्ट्रको अत्यधिक जनशक्ति, समय, स्रोतसाधन खर्च हुनुका साथै विकास निर्माण कार्यसमेत उल्झिरहेको देखिन्छ ।

कुनै पनि देशमा जग्गा जमिनको महत्व सर्वाधिक रहन्छ । बाँच्नका लागि अक्सिजन जस्तै भूमि नभई रहन सकिन्न । तर त्यसमा व्यक्तिगत स्वामित्व कायम गरी सम्पत्ति एवं पुँजीको मुख्य आधार बनाइँदा बिनाश्रम सिर्जित मूल्यले आर्थिक विचलन बढ्न गई समाजको विकास लक्ष्य नै दिग्भ्रमित हुँदै गएको छ । जग्गाको अनावश्यक खरिद बिक्री र मूल्यवृद्धिले समाजमा रहेको सम्पत्ति पुँजीकृत भई अन्यत्र पलायन हुनुको साथै बौद्धिक एवं श्रममूलक कार्यहरू समेत नराम्रोसँग प्रभावित हुन पुगेका छन् । भूमिको यही अवाञ्छित पद्दतिबाट पुँजी सङ्कलन गर्ने प्रवृत्तिले बैंक तथा वित्तीय क्षेत्रका व्यवसायमा समेत उद्यमशीलताको महत्व छायाँमा पर्दै गएको स्पष्टै छ ।

मानव समाजको विकासक्रममा मार्क्सवादी अवधारणा आएपछि समाजवादी मुलुकहरू र अन्य कतिपय मुलुकहरूमा प्रकृतिप्रदत्त वस्तुको रूपमा भूमिको स्वामित्व सरकारीस्तरमा वा समुदायको मातहतमा रहनुपर्छ भन्ने विषयले महत्व पाउँदै आएको छ । यसै सन्दर्भमा, नेपालमा समाजवादको पूर्वाधार तयार गर्ने क्रममाभूमिमा सामूहिक स्वामित्व स्थापना गर्नुपर्ने आवश्यकता टड्कारो बन्दै गएको छ । त्यसको लागि कानुनी, सामाजिक, वित्तीय नीतिहरू, विश्व परिवेशका अनुभव र सफल हाइब्रिड मोडलहरू उदाहरण हुन सक्छन् । यसक्रममा, विभिन्न प्रकृतिका भूमिमा रहेको जग्गाधनीहरूको अधिकार, गाउँ शहर र अन्यत्रका जग्गाको उपयोग र वर्गीकरण, प्रविधिको प्रयोग, घर बसोवास र कृषि कार्यको व्यवस्थापन, उद्योग तथा सेवामा भूमिको स्रोत परिचालन, वित्तीय कोषहरूको व्यवस्थापन, सामुदायिक जनचेतना आदि विचारणीय पक्ष हुन सक्छन् । भूमिसम्बन्धी निर्णय लिँदा आगामी मार्गदिशा तथा कार्यविधिको स्पष्टताका साथै सामाजिक सञ्जालको उपयोग, सरोकार पक्षको सहभागिता तथा सहमतिको अभ्यास, नमुना प्रयोग र त्यसको अनुपोषण, विवाद समाधान, वित्तीय संस्थागत परामर्श पनि त्यत्तिकै आवश्यक छ ।

भूमिमा सामन्तवादी युगदेखि कायम रहँदै आएको स्वामित्व परिवर्तन युगान्तकारी आमसरोकारको विषय हुँदा परिवर्तनका नेतृत्वदायी शक्तिहरूमा समाजवादी सोचको साथै आर्थिक स्वच्छता, उच्च नैतिकता र स्रोत साधनको उच्चतम उपयोग गर्नसक्ने क्षमता रहिरहनु पर्छ । साथै, नीतिगत व्यवस्थापनको लागि दीर्घकालीन रणनीतिअन्तर्गत समुदायस्तरबाट चरणबद्ध रूपमा जाने सोच बनेमा कार्यान्वयन गर्न सहज हुने देखिन्छ । भूस्वामित्व रूपान्तरणको आवश्यकता र उपादेयताबारे आम जनमानसमा स्पष्ट हुनुपर्छ । यसैगरी सहरी, ग्रामीण तथा अन्य इलाकाहरूमा भूमिको उपयोग कुन, कुन प्रयोजनका लागि के कसरी गर्ने भन्ने नीति, नियम र आउनसक्ने विवाद चुनौती समाधानको गहिरो विश्लेषण पूर्व अवस्थामा नै गर्नु जरूरी छ । सूचना प्रविधि एवं कृत्रिम बौद्धिकता (एआई) को सकारात्मक प्रयोगले छिटो परिवर्तन ल्याउन सक्ने हुँदा सो प्रविधिलाई भूव्यवस्थापनको पक्षमा उपयोग गर्ने ठोस योजना बनाउनु आवश्यक छ ।

नेपालमा ऐतिहासिक परिवर्तनपछि समाजवादी राज्यव्यवस्थाको आधारशिला निर्माणतर्फ उन्मुख रहेको यस घडीमा अर्थव्यवस्थामा प्रमुख अवरोधकका रूपमा रहँदै आएको सामन्ती भूस्वामित्व पद्दतिमा आमूल परिवर्तन नगरेसम्म मुलुकमा सुशासन, सामाजिक न्याय र समृद्धि हासिल हुनसक्ने देखिन्न । भूमिको स्वामित्व व्यवस्थापन हुँदा खण्डीकृत जग्गाको एकीकरण भई उत्पादकत्व वृद्धि, भूमिहीनताको अन्त्य, जग्गाको सहज उपलब्धता, भूमाफिया विचौलिया र दलाली नियन्त्रण गर्न योगदान पुग्ने देखिन्छ । यसबाट नै सहरीकरण एवं आवास बसोबास व्यवस्थित गरी पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने हुन्छ । तबमात्र समुदायमा स्रोतको न्यायपूर्ण वितरण भई असमानतामा कमी आउने र समुदायले आर्थिक सामाजिक लाभको प्रत्यक्ष अनुभूत गरी लोककल्याणकारी राज्यको परिकल्पना सार्थक हुनेहुँदा भूमिमा सामूहिक स्वामित्व कायम गर्न वाञ्छनीय देखिएको हो । *(लेखक नेपाल सरकारका सेवानिवृत्त सहसचिव हुनुहुन्छ)*

# खडेरीको मारमा परेका किसानलाई राहत घोषणा गर्न माग

काठमाडौँ, ११ साउन (रासस) । राष्ट्रियसभा आइतबारको बैठकमा सदस्यहरुले तराई-मधेसका क्षेत्रमा खडेरीका कारण प्रभावित किसानका समस्या समाधान गर्न तथा समयमै मल बीउको सहज आपूर्ति व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकमा सांसदहरुले प्रभावित किसानलाई किसानलाई तत्काल राहत प्याकेज घोषणा गर्न र प्राकृतिक विपद्बाट हुने क्षति न्यूनीकरणका लागि विपद् उत्थानशील पूर्वाधार निर्माण गर्न आग्रह गर्नुभयो ।

नेपाली कांग्रेसकी सांसद कमलादेवी पन्तले नेपाल एयरलाइन्सको विमान खरिद प्रकरणमा विशेष अदालतको फैसलाको पूर्णपाठले औँल्याएका 'चयनमुखी दृष्टिकोण' अपनाइएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखले आफ्नो धारणा सार्वजनिक गर्नुपर्ने बताउनुभयो ।

सांसद पन्तले राज्यका प्रमुख अङ्गको विश्वसनीयता दिन प्रतिदिन खस्कदै गएकामा चिन्ता व्यक्त गर्नुभयो । "संस्थागत विश्वसनीयता घट्दै गएको छ, सेवा प्रदायक र सेवाग्राहीको बीचमा विश्वास छैन", उहाँले भन्नुभयो, "सरकार मातहतका निकायले कमजोरी गरे कारबाही गर्ने कार्यपालिकाले हो, तर मन्त्रीहरुका बारेमा छ्याप्छ्याप्ती आइरहेका भिडियोका बारेमा हामी बोल्ने कि नबोल्ने, कोही कारबाहीमा पर्ने कोहीले उन्मुक्ति पाउने भन्ने आशङ्का बढ्दै गएको छ ।"

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद भक्कुप्रसाद सुवेदीले तराई-मधेसमा खानेपानी तथा सिँचाइको सङ्कट भोगिरहेका नागरिकलाई तत्काल राहत दिन आग्रह गर्नुभयो । "अप्ठ्यारामा परेका नागरिकलाई सहायता गर्ने कागजी घोषणाबाट सरकार पन्छिन मिल्दैन, सरकारले ठोस् राहत प्याकेजको व्यवस्था गर्नुपर्छणर", उहाँले भन्नुभयो, "पछिल्लो एक वर्षमा सरकारले जनताको आवश्यकता सम्बोधन गर्न सकेन, आर्थिक समृद्धि, अर्थतन्त्रको सुधार, रोजगारी, स्वास्थ्य सेवा प्रवाहमा सरकारले जोड दिनुपर्छ ।"

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद डा वेदुराम भुसालले जलवायु परिवर्तनका कारण तापमान वृद्धि हुँदा विश्व समुदाय प्रभावित भइरहेको उल्लेख गर्दै विश्वका सबै मुलुकले हरितगृह ग्यास उत्सर्जन कम गरी जलवायु परिवर्तन अनुकूलनका नीति अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद पूजा चौधरी मध्य बर्खामा सिँचाइको अभाव हुँदा अन्न भण्डारका रुपमा रहेको तराई-मधेसका क्षेत्रमा रोपाईं हुन नसकेको जनाउँदै तराई-मधेस क्षेत्रमा देखिएको खडेरीले कूल गार्हस्थ उत्पादनमा ह्रास ल्याउने बताउनुभयो ।

मनोनित सांसद डा अन्जान शाक्यले आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सबल उत्पादन, आयात प्रतिस्थापन, निर्यातजन्य उद्योगलाई प्रोत्साहन, समावेशी पहुँच, महिला र सीमान्तकृत समुदायमा वित्तीय सेवाको पहुँचलाई ध्यान दिनुपर्ने बताउनुभयो ।

मनोनित सांसद वामदेव गौतमले ललितपुरको भैँसेपाटी क्षेत्रको ऐतिहासिक पक्ष हराउने गरी सङ्घीय मन्त्री निवास, प्रदेश प्रमुखको आवास राखिएकामा आपत्ति जनाउँदै सुरक्षाकर्मीको मार्चपासबाट सो क्षेत्रका मूलवासी मगर समुदाय त्रसित रहेको बताउनुभयो ।

कांग्रेस सांसद विष्णुकुमारी सापकोटाले भौगोलिक बनावटका कारण नेपाल प्राकृतिक विपद्को जोखिममा रहेको जनाउँदै विपद् उत्थानशील विकासका योजना अघि बढाउनुपर्नेमा जोड दिनुभयो । नेकपा माओवादी केन्द्रका सांसद विष्णुबहादुर विश्वकर्माले वर्तमान गठबन्धन सरकारले एक वर्षको अवधिमा जनताको अपेक्षा सम्बोधन गर्न नसकेको आरोप लगाउँदै जनअपेक्षा पूरा गर्न आफ्नो पार्टीले खबरदारी गरिरहने बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद रुक्मिणी कोइरालाले दोलखाको उत्तरी नाकालाई व्यवस्थित बनाउँदै सीमावर्ती क्षेत्रमा बस्ने नागरिकको दैनिक जनजीवनलाई सहज बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

# मधेशमा डिपबोरिङ जडान सुरु

जनकपुरधाम, ११ साउन (रासस) । लामो समयदेखि आकासे पानी नपरेपछि मधेश प्रदेश सुख्खाग्रस्त क्षेत्र हुँदा कृषियोग्य जमिनमा सिँचाइ तथा खानेपानीको सङ्कट उत्पन्न भएपछि प्रदेश सरकारले डिपबोरिङ जडान गर्ने योजना सुरु गरेको छ । प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको नेतृत्वमा मधेश प्रदेशका प्रत्येक वडामा एउटाका दरले डिपबोरिङ जडान गर्ने योजना ल्याइएको हो ।

ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवले आवश्यकता तथा प्राथमिकताका आधारमा विस्तारै डिपबोरिङ जडान गरेर पानीको समस्या समाधान गर्ने प्रदेश सरकारले योजना बनाएर कार्यान्वयन सुरु गरेको जानकारी दिनुभयो । अहिले प्रदेशको सहरी तथा ग्रामीण क्षेत्रमा खानेपानीको समस्या विकराल बन्दै गएकाले सिँचाइ भन्दा खानेपानीलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ ।

मधेश प्रदेश सरकारको सीमित स्रोतसाधनका बाबजुद आवश्यकता अनुसार प्राथमिकता निर्धारण गरेर डिपबोरिङ जडान अगाडि बढाइएको मन्त्री यादवले बताउनुभयो । खानेपानी तथा सिँचाइको समस्याबाट ग्रसित जनताले सो मन्त्रालयसमक्ष विभिन्न वडा तथा टोलमा खानेपानीको समस्या रहेको भन्दै बोरिङ जडानको माग गरेका मन्त्रालयले जनाएको छ ।

खडेरीको चपेटामा परेको मधेशलाई प्रदेश सरकारले सुख्खाक्षेत्र घोषणा गरिसकेको छ भने सङ्घीय सरकारले पनि तीन महिनाका लागि 'सङ्कटग्रस्त क्षेत्र' घोषणा गरिसकेको छ । साथै प्रदेश सरकारले खानेपानी अभाव क्षेत्रमा टयाङ्कर तथा दमकलबाट निःशुल्क रूपमा पानी वितरण गरिरहेको छ ।

यसैबीच मधेश प्रदेश सरकारको डिपबोरिङ जडान गर्ने योजनाअनुसार धनुषाको मिथिलाविहारी नगरपालिका-२ स्थित परशुराम तलाउ क्षेत्रमा पहिलो चरणको जडान सुरु भएको मन्त्री यादवले जानकारी दिनुभयो । मन्त्रालयअन्तर्गत भूमिगत सिँचाइ कार्यालय जलेश्वर, भूमिगत सिँचाइ कार्यालय लहान, भूमिगत सिँचाइ कार्यालय कर्मैया (सर्लाही), तथा भूमिगत सिँचाइ कार्यालय वीरगञ्जमार्फत डिपबोरिङ निर्माण गरिने उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार ती कार्यालयले मधेश प्रदेशका आठ जिल्लामध्ये दुई/दुईवटा जिल्लामा डिपबोरिङ जडान तथा निर्माण गर्दै आएका छन् ।

सङ्घीय सरकारको मातहतमा रहेको कमला सिँचाइ व्यवस्थापन कार्यालय पोर्ताहाले गत आर्थिक वर्षदेखि सिँचाइका साथै डिपबोरिङ जडान सुरु गरेको कार्यालयका प्रमुख वीरेन्द्र यादवले जानकारी दिनुभयो । धनुषा तथा सिरहा कार्यक्षेत्र रहेको सो कार्यालयबाट जडान गरिएका डिपबोरिङबाट केही हदसम्म सिँचाइ तथा खानेपानीको समस्या समाधान भएको उहाँको भनाइ छ ।

## *कृषि विश्वविद्यालयमा ...*

उपलब्ध गर्नुपर्ने, प्रयोगात्मक कक्षा नियमित गर्नुपर्ने लगायतका माग राख्दै तालाबन्दीमा उत्रनु परेको विद्यार्थीहरुले बताएका छन् ।

क्याम्पस प्रशासनलाई यसबारे पटकपटक लिखित तथा मौखिक रुपमा जानकारी गराउँदा समेत बेवास्ता गरिएपछी तालाबन्दीमा उत्रनु परेको उनीहरुले बताएका छन् । उनीहरूले माग सम्बोधन नभएसम्म ताला नखोल्ने अडान समेत व्यक्त गरेका छन् ।

क्याम्पसले तोकेको शुल्क भन्दा बढी शुल्क विद्यार्थीबाट असुल गरि रसिद समेत उपलब्ध नगराएको र प्रयोगात्मक कक्षा नियमित नगरेको आन्दोलनरत विद्यार्थीहरुले आरोप लगाएका छन् ।

पहिले ३ लाख २० हजार शुल्क लाग्ने भनी सूचना गरेतापनि अहिले ४ लाख ५० हजार लिएको बताउँदै विद्यार्थीहरूले यसअघि बुझाएको रकमको रसिद हालसम्म नदिएको र प्रयोगात्मक कक्षा पनि नियमित नहुँदा पठनपाठन प्रभावित हुँदै आएको गुनासो गरेका छन् ।

श्रोत साधनको अभावमा केही समस्या भएको र शुल्कका सन्दर्भमा प्राविधिक कारणले भएको गल्ति सुधार गर्दै समस्या समाधानको प्रयास भइरहेको विश्वविद्यालय प्रशासनले जनाएको छ ।

## *स्व. सिंहको ...*

मिश्रा, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, वरिष्ठ पत्रकार अनिलकुमार अनल, पूर्व मेयर एवं स्व. सिंहका सुपुत्र गोबिन्द सिंह, पूर्व मेयर जगरनाथ दास, इतिहास विज्ञ प्रा. कमलनारायण दास, समाजसेवी हितनारायण लाल दास, ई. इन्द्रनारायण देव, मधेश प्रदेश कृषि विश्वविद्यालयका रजिष्टार भगवान ठाकुर, पत्रकार महासंघका सभापति श्रवणकुमार देव लगायतले श्रद्धाञ्जली अर्पण गर्दै स्व. सिंहको योगदान बारे चर्चा गरे ।

२४ वर्षकै उमेरमा चिकित्सा शास्त्र (एमबिबिएस) अध्ययन पुरा गर्ने सिंह जिल्लाकै पहिलो व्यक्ति थिए । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका पुर्खौली घर भई राजविराज नगरपालिका १० मा बसोवास गर्दै आएका सिंहको ८५ वर्षको उमेरमा २०६७ साल साउन ११ गते निधन भएको थियो ।

सिंह बि.स. २०१५ सालको प्रथम आमनिर्वाचनमा सप्तरीको तत्कालिन क्षेत्र नं. ३८ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । उनी २०१७ सालमा डा. तुलसी गिरी नेतृत्वको सरकारमा स्वास्थ्य मन्त्री भएका थिए । त्यसपछी २०२१ सालसम्म उनले मन्त्रीका रुपमा विभिन्न मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए ।

उनी नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लब, विश्व शान्ति समिति, जेसीज लगायत सामाजिक संघ संस्थाका संस्थापक सदस्य समेत थिए ।

सभाका सहभागि वक्ताहरुले सप्तरीबाटै समाजसेवा र राजनीतिमा सक्रिय भएका स्व. सिंहको सामाजिक पक्ष पनि उत्तिकै सबल रहेको चर्चा गर्दै उनले देखाएको बाटोमा हिड्न सके मात्र उनीप्रति सच्चा श्रद्धाञ्जली हुनेमा जोड दिएका थिए ।

सभामा राजविराज नगरपालिकाका पूर्व मेयर समेत रहेका स्व. सिंहका जेठा छोरा गोबिन्द सिंह र परिवारका अन्य सदस्यले गम्छा ओढाएर अतिथिहरुको स्वागत गरेका थिए । कार्यक्रम संचालन अरुण तिवारी तथा अतिथिहरुको स्वागत नेपाल जेसिजका राष्ट्रिय उपाध्यक्ष उज्जवल काबराले गरेका थिए ।


## चेक हराएको सूचना

मिति २०८२/१/३० गते गतेका दिन राजविराजस्थित घरबाट बजारतर्फ जाँदै गर्दा मेरो साथमा रहेको निम्न व्यहोराको कृषि विकास बैंकको चेक हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाई दिन अनुरोध छ ।

**नाम : महिदेव प्रसाद चौधरी**
**ठेगाना : राजविराज वडा नं. ६, सप्तरी**
**चेक नं. : ०४३८६८६ (कृषि विकास बैंकको)**
**सम्पर्क नं. : ९८०४७८८०४३**


# विश्व समाचार

## भारतको हरिद्वारास्थित एक मन्दिरमा भागदौड मच्चिँदा छ जनाको मृत्यु

हरिद्वार, ११ साउन (रासस/एएफपी) ।

भारतको उत्तराखण्ड राज्यमा रहेको एक प्रसिद्ध हिन्दू मन्दिरमा आइतबार भीडभाड भई भागदौड मच्चिँदा कम्तीमा छ जनाको मृत्यु भएको छ । हिन्दूधर्मावलम्बीको पवित्र शहर हरिद्वारस्थित गङ्गा नदीको किनारमा रहेको मनसा देवी मन्दिर जाने सिँढीमा भागदौड मच्चिँदा कैयौं घाइते भएका छन् । "छ जनाको मृत्यु भएको छ भने १० भन्दा बढी घाइतेलाई अस्पतालमा भर्ना गरिएको छ," शहरका वरिष्ठ प्रहरी अधिकारी परमेन्द्र डोभलले एएफपीलाई बताउनुभयो । उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले राहत र उद्धारकार्य जारी रहेको बताउनुभएको छ ।

"यस विषयमा म स्थानीय प्रशासनसँग निरन्तर सम्पर्कमा छु र स्थितिको निरन्तर अनुगमन भइरहेको छ," उहाँले भन्नुभयो । धार्मिक चाडहरूमा घातक भागदौड र भीडभाडका कारण यस्ता दुखद् घटना हुने गरेका छन् । गत जुन महिनामा तटीय राज्य उडिसामा एक हिन्दू धर्मावलम्बीको चाडमा अचानक भीड बढेपछि भागदौड मच्चिँदा कम्तीमा तीन जनाको मृत्यु हुनुका साथै कैयौं घाइते भएका थिए । अघिल्लो महिना पश्चिमी राज्य गोवामा एक लोकप्रिय अग्नि लिएर गरिने पैदल अनुष्ठानको लागि हजारौं मानिसहरू भेला भएका बेला घटेको यस्तै घटनामा तीन जनाको मृत्यु भएको थियो । जनवरीमा उत्तरी शहर प्रयागराजमा हिन्दूहरूको महान् चाड कुम्भ मेलामा भएको झडपमा कम्तीमा ३० जनाको मृत्यु भएको थियो ।

## भोकमरीको चिन्ता बढेपछि इजरायली सेनाले गाजाका तीन क्षेत्रमा लडाइँ रोक्ने

देइर अल-बलाह (गाजा पट्टी), ११ साउन (रासस/एपी) ।

इजरायली सेनाले आइतबार गाजाको ठूलो जनसङ्ख्या भएका तीन क्षेत्रमा दिनको १० घण्टाका लागि लडाइँ रोक्ने र निराश प्यालेस्टिनीहरूलाई सहायता वितरणका लागि सुरक्षित मार्गहरू खोल्ने बताएको छ । यो २१ महिनाको युद्धमा इजरायलको आचरणलाई लिएर अन्तर्राष्ट्रिय आलोचनाको लहरको सामना गर्दा क्षेत्रमा बढेको भोकमरीलाई सम्बोधन गर्ने उद्देश्यले लिइएका कदमहरूको शृङ्खला हो । सेनाले ठूलो जनसङ्ख्या भएको क्षेत्रका तीन क्षेत्र गाजा सहर, देइर अलभस-बलाह र मुवासीमा 'मानवीय सहायताको मात्रा बढाउन' क्षेत्रमा प्रवेश गर्न 'रणनीतिक विराम' सुरु गर्ने बताएको छ । यो विराम आइतबारदेखि सुरु भएर अर्को सूचना नभएसम्म हरेक दिन स्थानीय समयअनुसार बिहान १०:०० बजेदेखि बेलुकी ८:०० बजेसम्म हुनेछ । सेनाले आइतबार गाजामा सहायता एयरड्रपहरू गरेको पनि बताएको छ, जसमा पिठो, चिनी र डिब्बाबन्द खानाको साथ सहायताको प्याकेजहरू समावेश थिए ।

खाद्य विज्ञहरूले गाजामा अनिकालको जोखिमका लागि महिनौंदेखि चेतावनी दिएका छन् । हमासले आफ्नो शासनलाई बलियो बनाउन मद्दत गर्न सामानहरू चोर्ने गरेको बताउँदै त्यहाँ इजरायलले सहायतामा प्रतिबन्ध लगाएको छ । हालैका दिनहरूमा गाजाबाट देखिएका कमजोर बालबालिकाका तस्बिरहरूले नजिकका सहयोगीहरू लगायत इजरायलको विश्वव्यापी आलोचनालाई बढावा । उनीहरूले युद्ध र यसले जन्माएको मानवीय विपत्तिको अन्त्यको आह्वान गरेका छन् । इजरायलले अन्य क्षेत्रमा हमासविरुद्ध आक्रमण जारी राख्दै नयाँ उपायहरू अपनाइरहेको बताएको छ । इजरायल र हमासबीचको युद्धविराम प्रयासहरू शङ्कास्पद देखिएको केही दिनपछि स्थानीय लडाइँमा विराम लागेको हो । शुक्रबार इजरायल र अमेरिकाले हमासलाई दोष दिँदै आफ्ना वार्ता टोलीहरूलाई फिर्ता बोलाए र इजरायलले लडाकू समूहसँग युद्धविराम वार्ताका 'वैकल्पिक विकल्पहरू' बारे विचार गरिरहेको बताएको छ । मार्चमा पछिल्लो युद्धविराम समाप्त भएपछि इजरायलले बन्धकहरूलाई रिहा गर्न हमासलाई दबाब दिने उद्देश्यले गाजामा खाना, औषधि, इन्धन र अन्य आपूर्तिको प्रवेश अढाई महिनाका लागि पूर्ण रूपमा बन्द गरेको थियो ।

अन्तर्राष्ट्रिय दबाबमा इजरायलले मेमा नाकाबन्दीलाई अलिकति सहज बनायो । त्यसपछि उसले संयुक्त राष्ट्रसङ्घ र अन्य सहायता समूहहरूलाई वितरण गर्न करिब चार हजार पाँच सय ट्रकलाई प्रवेशको अनुमति दिएको छ । तथापि दैनिक औसत ६९ ट्रक संयुक्त राष्ट्रसङ्घले भनेअनुसार गाजाका लागि आवश्यक दैनिक पाँच सयदेखि छ सय ट्रकभन्दा धेरै कम छ । संयुक्त राष्ट्रसङ्घले भोकाएका भीड र गिरोहहरूले आउने ट्रकहरूबाट अधिकांश लिएका कारण धेरै सहायता वितरण गर्न नसकेको बताएको छ । संयुक्त राष्ट्रसङ्घबाट सहायता वितरणलाई डाइभर्ट गर्ने तरिकाका रूपमा इजरायलले अमेरिकामा दर्ता भएको गाजा मानवीय फाउन्डेसनलाई समर्थन गरेको छ । उक्त फाउन्डेसनले मे महिनामा खाद्यान्न आपूर्तिको बाकसहरू वितरण गर्ने चार केन्द्र खोलेको थियो ।

मे महिनादेखि इजरायली सेनाले खाना प्राप्त गर्न खोज्दा प्रायः नयाँ सहायता साइटहरू नजिकै एक हजारभन्दा बढी प्यालेस्टिनी मारिएको राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयले जनाएको छ । इजरायलले प्रमाण प्रदान नगरी राष्ट्रसङ्घविरुद्ध उसको प्रणालीले युद्धभरि हमासलाई सहायता चोर्न अनुमति दिएको भन्दै आलोचना गरेको छ । संयुक्त राष्ट्रसङ्घले उक्त दावीलाई अस्वीकार गर्दै उसको वितरण संयन्त्र प्यालेस्टिनीहरूलाई सहायता पुऱ्याउने उत्तम तरिका थियो भनेको छ । सेनाले संयुक्त राष्ट्रसङ्घ र अन्य मानवीय समूहहरूको समन्वयमा नयाँ कदम चालेको बताएको छ । जमिनका साना-साना भागहरूमा लडाइँ गरेर दबाएको गाजाको धेरैजसो जनसङ्ख्या अहिले सहायतामा निर्भर छ ।

सन् २०२३ अक्टोबर ७ मा एक हजार दुई सय मानिसको हत्या र दुई सय ५१ जनालाई बन्धक बनाउँदै दक्षिणी इजरायलमा हमासले आक्रमण गरेपछि युद्ध सुरु भएको हो । हमासले अझै पनि ५० बन्धकलाई समातेर राखेको छ । तीमध्ये आधाभन्दा बढी मरेको अनुमान गरिएको छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलको जवाफी आक्रमणमा ५९ हजार सात सयभन्दा बढी प्यालेस्टिनी मारिएका छन् । यसको गणनाले आतङ्कवादी र नागरिकबीचको भिन्नता देखाउँदैन, तर मन्त्रालयले मृतकमध्ये आधाभन्दा बढी महिला र बालबालिका रहेको बताएको छ । यो मन्त्रालय हमास सरकारको अधीनमा रहेको छ । संयुक्त राष्ट्रसङ्घ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले यसलाई हताहतको तथ्याङ्को सबैभन्दा भरपर्दो स्रोतको रूपमा हेर्छन् ।

# आदिवासी जनजाती समुदायको परम्परागत खाद्य पहिचान गर्दै अर्थ व्यवस्था सुदृढ गर्नु पर्छ : मन्त्री लेखी




**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**

मधेश प्रदेश सरकारका प्रवक्ता एवं गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखी आदिवासी जनजाती समुदायको परम्परागत खाद्य पहिचान गर्दै अर्थ ब्यवस्था सुदृढ गर्नु पर्नेमा जोड दिएका छन् ।

सप्तरी जिल्लाको सप्तकोसी नगरपालिका अन्तर्गत तुलसी चोकमा आइतबार आदिवासी जनजाती अनुसन्धान बिकास केन्द्र नेपालद्वारा आयोजित "आदिवासी जनजाती खाद्य र अर्थव्यवस्था" भन्ने विषयको दुई दिवसीय अन्तरक्रिया छलफल कार्यक्रममा उनले सो कुरामा जोड दिएका हुन् ।

कार्यक्रमको प्रमुख अतिथी समेत रहेका मन्त्री लेखीले अन्तरक्रियालाई सम्बोधन गर्दै आदिवासी जनजाती समुदाय भाषिक, सांस्कृतिक र सामाजिक रुपमा समृद्ध समुदाय भएपनी केही सिमित आदिवासी समुदाय बाहेक अन्य आदिवासी जनजाती समुदाय आर्थिक रुपले बिपन्न रहेकाले ती समुदायहरुको आर्थिक बिकास गर्नु राज्यको दायित्व रहेको बताए ।

उनले बर्तमान समयमा आदिवासि जनजाती समुदायको परम्परागत खाद्य संस्कार लोप हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै बातावरणिय प्रणालीमा समस्या उत्पन्न भएकोले त्यसको प्रत्यक्ष असर जलवायु परिवर्तनसंग पनि जोडिएको उल्लेख गरे ।

"समृद्द नेपालको निर्माणको लागि आदिवासी जनजाती समुदायको महत्वपुर्ण भुमिका रहने भएको हुदा परम्परागत खाद्य पहिचान गर्दै आदिवासी जनजाती समुदायको अर्थव्यबस्था सुदृढ गरिनु पर्छ ।" उनले भने ।

आदिवासी जनजाती अनुसन्धान बिकास केन्द्रका कार्यकारी निर्देशक पासाङ डोल्मा शेर्पाको अध्यक्षतामा संचालित कार्यक्रममा सप्तकोसी नगरपालिकाका नगर प्रमुख कृष्ण ढकाल, उदयपुरको बेलका नगरपालिकाकी उपप्रमुख जिरा राई, सप्तकोसी नगरपालिकाकी उपप्रमुख रिता चौधरी लगायत स्थानिय संघ संस्थाका प्रतिनिधि, आदिवासी समुदायको उपस्थिति रहेको थियो ।

# ३१औं "प्रकाश मानव अधिकार पुरस्कार" सुनिलकुमार यादवलाई

**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**

३१ औं "प्रकाश मानव अधिकार पुरस्कार" यस वर्ष चुरे तथा वन-जंगल संरक्षण अभियानका संयोजक सुनिलकुमार यादवलाई प्रदान गरिने निर्णय गरिएको छ ।

इन्सेकका संस्थापक महासचिव अथक मानव अधिकार योद्धा प्रकाश काफ्लेको स्मृतिमा स्थापना गरिएका उक्त पुरस्कार इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलको संयोजकत्वमा गठित प्रकाश मानव अधिकार पुरस्कार छनोट समितिले यादवलाई दिने निर्णय गरिएको हो ।

पुरस्कार छनौट समितिमा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य डा. सूर्यप्रसाद ढुंगेल र अधिकारकर्मी गंगा कसजु सदस्य छन् ।




बारा जिल्लाको सिम्रौनगढ नगरपालिका २ मौवाही निवासी यादव सन् २०७४ सालदेखि चुरे संरक्षण र वातावरणीय अधिकारका विषयमा निरन्तर सक्रिय रहँदै आएका छन् । चुरे क्षेत्रको दोहनका कारण मधेस प्रदेशमा देखा परिरहेका जलवायु तथा वातावरणीय असरबारे सरकार र सरोकारवालाको ध्यानाकर्षण गराउन उनले विभिन्न सचेतनामूलक कार्यक्रम, अभियान र पैरवी गर्दै आएका छन् ।

पुरस्कारका लागि सार्वजनिकरूपमा आह्वान गरिएअनुसार प्राप्त ४० जनाको नाम मध्येबाट वातावरण अधिकारका क्षेत्रमा सम्झौताराहित संघर्ष गर्दै आएका यादवलाई छनोट गरिएको इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

आगामी साउन १६ गते काठमाडौंमा आयोजना हुने ३३ औं प्रकाश स्मृति दिवसको अवसरमा पुरस्कृत व्यक्तित्व यादवलाई नगद ५० हजार सम्मानपत्र र इन्सेकको प्रतीक चिन्ह प्रदान गरिने विज्ञप्तिमा उल्लेख छ ।

# चोरी पैठारीका ७४ कार्टुन मदिरा र २८ बोरा कुरमुरे भन्सार बुझाइयो

**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**







चोरी निकासी गरि नेपालबाट भारततर्फ लैजादै गरेको ७४ कार्टुन मदिरा र भारतबाट नेपालतर्फ ल्याउँदै गरेको २८ बोरा कुरमुरे सप्तरी प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीका अनुसार जिल्लाको डाक्नेश्वरी नगरपालिका ४ कुशहा टोल सडक खण्डबाट चोरी निकासी गरि भारततर्फ लादैं गरेको मामाश्री र दिलवाले नामक उक्त मदिरा नियन्त्रणमा लिएको हो ।

प्रहरी गस्ती टोलीलाई देखेपछी टाउकोमा बोरा बोकेर भारततर्फ जादै गरेका तस्करहरुले बोरा छाडेर भागेपछी चेकजाँच गर्दा बोरा भित्र ७४ कार्टुन मदिरा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

त्यस्तै डाक्नेश्वरी नगरपालिका ९ स्थित भारतबाट भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको २८ बोरा कुरमुरे प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीले दुबै स्थानबाट नियन्त्रणमा लिएको ७४ हजार बराबरको ७४ कार्टुन मदिरा र तीनवटा साइकलमा लोड गरि ल्याएको ३२ हजार ५ सय मुल्य बराबरको कुरमुरेसहित साईकल आइतबार भन्सार कार्यालयमा बुझाएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक उदय कुमार राईले जानकारी दिए ।

# मधुश्राबणीको अवसरमा महिला परिषदले गरे कार्यक्रम



**सतीश कुमार**
**राजविराज, ११ साउन ।**

सप्तरीमा कार्यरत मैथिल महिला परिषद्ले मैथिल नारीहरुको ठूलै मानिने पर्व "मधुश्रावणी" को अवसरमा एक भव्य कार्यक्रम आयोजना गरेको छ ।

सप्तरीको राजविराज २ स्थित "मैथिली भवन" मा मधुश्रावणी समागम नामको कार्यक्रम महिला परिषद्द्वारा आयोजन गरिएको हो ।

महिला परिषदले मधुश्रावणीको अवसरमा मैथिल महिला परिषद्की पूर्व अध्यक्ष साधना झाको प्रमुख आतिथ्यमा कार्यक्रम आयोजन गरेको हो ।

कार्यक्रममा प्रमुख अतिथि झाले आधुनिकताको यस दौरमा मैथिल समाजले आफ्नो परम्परागत पर्वहरुमा पनि आधुनिकता देखाउन लागेकोले सो गर्न नहुने र आफ्नो परम्परा र संस्कृतिको संरक्षण गर्न अगाडी सर्नु पर्नेमा जोड दिएकी थिइन ।

कार्यक्रममा स्थानीय म.वि.व.क्याम्पसकी प्राध्यापिका वन्दना मिश्रले मधुश्रावणीको ऐतिहासिकता र यसको सामाजिक महत्व बिषयमा कार्यपत्र प्रस्तुत गरेकी थिइन भने उनको कार्यपत्रमा पूर्व शिक्षिकाद्वय मञ्जु श्रेष्ठ र शान्ति झाले टिप्पणी गरेकी थिइन ।

महिला परिषदकी अध्यक्ष मालती चौधरीको अध्यक्षतामा आयोजन भएको कार्यक्रममा मैथिली साहित्य परिषदका उपाध्यक्ष राजकुमार लाल दास, सुधा दत्त, कंचन झा, किरण झा र निकहत परविन लगायतका मैथिली अभियानीले आफ्नो मन्तव व्यक्त गरेकी थिइन ।

उक्त अवसरमा मधुश्रावणीको पर्वमा भनिने "बिनी" को बिषयमा प्रतियोगिता पनि आयोजन गरिएको थियो जसमा नयाँ/पुराना वयसकी मैथिल महिलाहरुले सहभागिता जनाएका थिए । सो प्रतियोगितामा उर्मिला देव प्रथम, निरोत्तमा झा द्वितीय, शिलम झा तृतिय र कल्पना झाले सान्त्वना पुरस्कार प्राप्त गरेकी थिइन ।

महिला परिषदको संयोजनमा बरिष्ठ पत्रकार प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले आफ्नो पारिवारिक सदस्य उर्मिला देवीको स्मृतिमा प्रत्येक वर्ष मैथिलीको लोक गायिकालाई दिने "उर्मिला देवी झा लोक सांस्कृतिक पुरस्कार" यस वर्ष राजविराज १६ की रुपा देवी देवलाई प्रदान गरिएको छ ।

महिला परिषदकी सचिव रिता देवद्वारा सञ्चालित यस कार्यक्रममा महिला परिषदकी पूर्व अध्यक्षा शान्ति झालाई वर्तमान अध्यक्ष मालती चौधरीले माला र साल लगाई सम्मान गरेकी थिइन ।

मिथिला क्षेत्रमा खास गरी ब्राह्मण, कायस्थ र वैश्य जातिका नवविवाहित महिलाहरुले करिब १५ दिन सम्म यो पर्व मनाउने गरेकी छिन । प्रत्येक बर्ष श्रावण कृष्ण पञ्चमीबाट शुरु हुने यो पर्व यस वर्ष श्रावण शुक्ल तृतिया सम्म हुने मैथिल महिला परिषदकी पूर्व अध्यक्ष शान्ति झा बताउछिन् । सामान्यतया वर्ष भरिमा अषाढ महिनासम्म विवाह हुने मिथिलानीहरुले श्रावण महिनामा माइती मै बसेर मधुश्रावणी पर्व मनाउने गरेको पूर्व अध्यक्षा झा बताउछिन् ।

कार्यक्रममा नयाँ पर्व पूज्ने ५ जना नवविवाहितालाई बिशेष सम्मान गरिएको थियो भने सहभागी सबै मलिाहरुलाई सौभाग्यको प्रतिक चूड़ा, सिन्दुर र बिन्दी बाँडिएको परिषदकी उपाध्यक्ष प्रतिमा देवले बताइन ।


## ।। हार्दिक श्रद्धाञ्जली तथा समवेदना ।।



**स्व. गंगा देवी मुन्धड़ा**

हाम्रा प्रिय मित्र तथा राजविराज जेसीजका बर्ष २००८ का अध्यक्ष जेसी निर्मल मुन्धडा एवम् सप्तरी उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष र नेपाल-भारत मैत्री संघका अध्यक्ष श्री मनोज कुमार मुन्धडाका ममतामयी **प्रातः स्मरणीय माता गंगा देवी मुन्धड़ाजी** को यहि श्रावण ७ गते बुधबारका दिन असामयिक निधन भएकोमा अत्यन्त दुःखित र मर्माहत भएको महसुस गर्दछु ।

**आदरणीय माता गंगा देवी मुन्धड़ाज्यू**को बैकुण्ठ वास होस भन्ने कामना सहित उहाँको आत्माको चीरशान्तिको कामना गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै दुःखको यस घड़ीमा शोक सन्तप्त समस्त परिजन तथा शुभच्छुमा परमेश्वरले धैर्य धारण गर्ने असिम शक्ति प्रदान गरुन भन्ने कामना सङ्गै हार्दिक समवेदना प्रकट गर्दछु ।

**सतीश कुमार दत्त**
राजविराज न.पा.-८
पूर्व अध्यक्ष : राजविराज जेसीज
का.स.सदस्य : नेपाल-भारत मैत्री संघ


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*